# गुलरिया नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ३ गुलरिया मिति : वैशाख १६ गते, २०८१**

## भाग - २

### गुलरिया नगरपालिका
### नगरकार्यपालिकाको कार्यालयको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुलरिया नगरपालिका नगरकार्यपालिकाको मितिः २०८१।०१।१६ गते स्वीकृत गरि जारि गरिएको कार्यविधि/ नियामावलि /**निर्देशिका** सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्बत् २०८१ सालको कार्यविधि नं. २
### गुलरिया नगरपालिकाको बालविवाह मुक्त नगर अभियान संचालन निर्देशिका, २०८१

**प्रस्तावना**

गुलरिया नगरपालिकामा बालविवाह न्युनीकरण अभियान संचालन गरी अन्तिममा बालविवाह मुक्त समाज निर्माण गरी बालअधिकारको संरक्षण गर्न बान्छनिय देखिएकोले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) ले दिएको अधिकार प्रयोग गरी गुलरिया नगरकार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

**आज्ञाले**
**ओमकार शाह**
**प्रमुख प्रशासकीय अधिकृत**

## परिच्छेद - १
## प्रारम्भिकः

१. संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नामः- "गुलरिया नगरपालिकाको बालविवाह मुक्त नगर अभियान संचालन निर्देशिका २०८१" रहनेछ ।

२. यो निर्देशिका गुलरिया नगरपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

३. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

क) "बालवालिका" भन्नाले १८ वर्ष उमेर पुरा नगरेका व्यक्ति सम्झनु पर्छ ।

ख) "कार्यपालिका" भन्नाले गुलरिया नगरकार्यपालिका सम्झनु पर्छ ।

ग) "प्रमुख" भन्नाले गुलरिया नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

घ) "उप–प्रमुख" भन्नाले गुलरिया नगरपालिकाको नगर उप–प्रमुख सम्झनु पर्छ ।

ङ) "कार्यपालिका सदस्य" भन्नाले गुलरिया नगरपालिकाको सदस्यलाई सम्झनु पर्छ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गुलरिया नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

छ) "समिति" भन्नाले यस कार्यविधि अनुसार गठन भएको समिति सम्झनु पर्छ ।

ज) "बालविवाह" भन्नाले नेपालको प्रचलित कानुन वमोजिम तोकिएको उमेर भन्दा अगाडी गरिने विवाहलाई सम्झनु पर्छ ।

झ) "वडा अध्यक्ष" भन्नाले गुलरिया नगरपालिका अन्तरगतका वडाहरुका अध्यक्ष लाई सम्झनु पर्छ ।

ञ) "वडा सदस्य" भन्नाले गुलरिया नगरपालिका अन्तरगतका वडा समितिका वडा सदस्यहरुलाई सम्झनु पर्छ ।

ट) "बाल अधिकार समिती" भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० को उपदफा २ र ३ बमोजिम स्थानीय तहमा गठित समिती लाई सम्भलनुपर्दछ ।

ठ) "सामाजिक संस्था" भन्नाले प्रचलित कानून वमोजिम दर्ता भई स्थापना भएको गैर नाफामुलक संस्थालाई सम्झनु पर्छ ।

ड) "निजी संस्था" भन्नाले प्रचलित कानून वमोजिम दर्ता भई स्थापना भएको नाफामुलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य कम्पनी समेतलाई जनाउँछ ।

## परिच्छेद — २

## बालविवाह मुक्त नगरपालिका र वडा घोषणा प्रक्रिया

१. वडा/नगरपालिकाले वार्षिक रुपमा जम्मा विवाहको अवस्था र त्यसमा पनि बालविवाहको अवस्थाको तथ्याङ्क संकलन गर्ने ।

२. बालविवाहको तथ्याङ्कको आधारमा बालविवाह हुने वस्ती, टोल समुदाय र वडालाई कार्यक्रम केन्द्रित गर्ने ।

३. विद्यालय केन्द्रित अभियान संचालन गर्ने ।

४. नगरपालिका/वडास्तरीय सरोकारवालाहरु बीचको समन्वय बैठकमा बालविवाह मुक्त नगर र वडा घोषणा गर्न आधारभुत सुचक माथि छलफल गर्ने ।

५. नगरपालिकाबाट विनियोजन वजेटमा रही नगरपालिका स्तरीय बालअधिकार समिति मार्फत बालविवाह मुक्त वडा र नगरको लागि वार्षिक कार्ययोजना निर्माण गरी विभिन्न वडा तथा विद्यालय स्तरमा तालिम, र्‍याली तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।

६. नगरपालिका तथा वडा स्तरीय बालअधिकार समिति, बाल क्लब, विद्यालय, स्थानिय धामी झाँक्री समुहहरु मार्फत घरदैलो अभियान संचालन गर्ने ।

७. नगरपालिका स्तरमा बालविवाहको अवस्था विषयक राजनैतिक दल, बालअधिकार समिति, बाल क्लब अन्तरधार्मिक संजाल, महिला संजाल लगायतका सरोकारवालाहरु बीच सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने ।

८. नगरपालिकालाई बालविवाह मुक्त घोषणाका लागि नगरपालिकाबाट निर्णय गर्ने र नगरस्तरीय बालअधिकार समितिले नेतृत्व लिई बालविवाह मुक्त नगरपालिका घोषणाका लागि मिति, स्थान तय गरी विभिन्न तयारी उपसमितिहरु निर्माण गर्ने ।

९. बालविवाह मुक्त नगरपालिकाका लागि स्थानिय रेडियो र पत्रिकाहरुसँग साझेदारीका लागि प्रचार-प्रसार गर्ने ।

१०. स्थानिय धामीझाँक्री तथा ज्योतिषीहरु मार्फत अवका दिन देखी २० वर्षभन्दा मुनिका बालवालिकाहरुको विवाहको लगन नदिने प्रतिवद्धता र नगरपालिकाको समन्वयात्मक बैठकमा निर्णय समेत गर्ने र प्रतिवद्धता जाहेर गराउने ।

११.जिल्ला प्रहरी कार्यालय गुलरिया,बर्दियासँग समन्वय गर्ने र प्रहरी मार्फत बालविवाह सामाजिक तथा कानुनी अपराध हो भनी बालविवाह नगराउनका लागि जागरण तथा अन्तरक्रियाका साथै विभिन्न सचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

१२.बालविवाह मुक्त वडा र नगरपालिका घोषणा कार्यक्रमका लागि विभिन्न स्थानीय साँस्कृतिक झलक र बाजागाजाहरु तयार गर्ने र सचेतनामुलक विभिन्न कला प्रस्तुतीहरुको तयारी गराउने ।

१३.बालविवाह मुक्त वडा र नगरपालिका घोषणा सभाको आयोजना गर्ने,बालविवाह मुक्त पालिका/वडामा सहयोग पुर्‍याउने व्यक्ति,संघ संस्था तथा निकायहरुलाई पुरस्कृत तथा सम्मान गर्ने ।

१४.बालविवाह मुक्त वडा घोषणाका लागि वडाको बालअधिकार समितिले बालविवाह मुक्त घोषणा सम्बन्धी नेतृत्व तथा विभिन्न निर्णयहरु लिने ।

१५.बाल बिवाह मुक्त वडा तथा पालिका घोषणा पुर्व र पछि बाल बिवाह बिरुद्ध कार्य गर्न बिभिन्न अन्तराष्ट्रिय राष्ट्रिय र स्थानीय संघ,संस्थाहरुसँग सहकार्य गर्ने साथै उनीहरुलाई बाल बिवाह बिरुद्ध कार्य गर्न उत्साहित गर्ने ।

१६.बाल बिवाह मुक्त वडा घोषणका लागि सुचकहरुका आधारमा वडा स्तरीय बाल अधिकार समितिले पालिका स्तरीय बाल अधिकार समितिलाई सिफारिस गर्ने र पालिका स्तरीय बाल अधिकार समितिले नगर कार्यपालिकालाई सिफारीस गर्ने । नगरकार्यपालिकाले बाल बिवाह मुक्त वडा घोषणा गर्ने निर्णय गरे पश्चात एउटा भब्य समारोहको आयोजना गरी बाल बिवाह मुक्त वडा घोषणा गर्ने ।

१७.नगरपालिकाका वडाहरु मध्ये करीव ९० प्रतिशत वडाहरु बाल बिवाह मुक्त वडा घोषणा भए पश्चात स्थानीय बाल अधिकार समितिले बाल बिवाह मुक्त नगर घोषणका नगर कार्यपालिकालाई सिफारिस गर्ने र नगर कार्यपालिकाले नगरलाई बाल बिवाह मुक्त नगर घोषणा गर्ने निर्णय पश्चात एउटा भब्य समारोहको आयोजना गरी बाल बिबाह मुक्त नगर घोषणा गर्ने ।

## परिच्छेद - ३
## वडा र नगरपालिका बालविवाह मुक्त घोषणाका सूचकहरु

१. वडा र नगरमा विवाह गर्ने उमेर अनुसार विवाह भएको तथ्याङ्क चुस्तदुरुस्त अभिलेख भएको हुनु पर्नेछ ।

२. नगरपालिकामा बाल संरक्षण संयन्त्र बनेको, (बालअधिकार समिति गठन सम्बन्धी कार्यविधि बनेको, बालविवाह अन्त्य सम्बन्धी रणनीति बनेको,बाल संरक्षण फोकल पर्सन तोकेको) हुनु पर्ने ।

३. बालवालिकाहरुको अनिवार्य जन्मदर्ता गर्ने गरिएको हुनु पर्ने ।
४. नगरपालिकाले बाल संरक्षण नीति बनाई लागु गरेको हुनु पर्ने ।
५. नगरपालिकामा बाल अधिकार समिति तथा विद्यालय र वडा स्तरमा बालअधिकार समिति क्रियाशिल भएको हुनु पर्ने ।
६. नगरपालिकामा भएका समुदायमा आधारित संस्था÷समिति÷समुहहरु बाल विवाह विरुद्धमा सक्रिय रुपमा क्रियाशिल भएको हुनु पर्ने ।
७. बालविवाह विरुद्ध उजुरी दिने गरेको हुनु पर्ने ।
८. अन्तरधार्मिक संजाल, लमी/बडघर/मौलाना/पास्टर/पुरोहितहरुले बालविवाह गराउन छाडेको हुनुपर्ने ।
९. बालविवाह जन्ती/भोज/भतेर जस्ता कार्यहरुमा समुदायका व्यक्तिहरु सहभागी हुन छाडेको हुनु पर्ने ।
१०. बालवालिकाहरु र अभिभावकहरु बाल विवाहका विषयमा सचेत भएको, प्रहरी प्रशासन पनि बालविवाहका विरुद्धमा सचेत भई बाल विवाहका अपराधीहरुलाई कार्यवाही गर्न सक्रिय भएको हुनु पर्ने ।
११. बालविवाह मुक्त वडा घोषणा गर्नको लागि वडामा जम्मा विवाहको ८० प्रतिशत विवाह बालविवाह नगरेको तथ्याङ्क हुनु पर्ने ।
१२. नगरपालिकालाई बालविवाह मुक्त घोषणा गर्नका लागि ९० प्रतिशत वडाहरु बालविवाह मुक्त घोषणा भएको हुनु पर्ने ।

## परिच्छेद - ३

## सरोकारवालाहरुको भुमिका

१. जन्मदर्तालाई बालवालिकाको नैसर्गिक अधिकारको रुपमा लिई १८ वर्ष मुनिका सम्पूर्ण बालवालिकाको जन्मदर्ता गर्न सबै सरोकारवालाहरुले सहयोग गर्ने ।
२. न्याय प्रक्रियामा हुने हस्तक्षेपलाई  पूर्ण रुपमा रोक्नका लागि सबै सरोकारवालाहरु प्रतिवद्ध हुँदै सहयोग गर्ने ।
३. विद्यालय, समुदाय एवंम् सम्पूण सार्वजनिक स्थलमा बाल संरक्षण सम्बन्धी संयन्त्र मार्फत आचार संहिता निर्माण गरी पूर्ण रुपमा लागु गर्ने ।
४. बालविवाह विरुद्धको अभियानमा सम्बन्धित निकायसँग सहकार्य गरी बालविवाह निषेध गर्न सहयोग गर्ने ।

५. सबै सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले आ—आफ्नो क्षेत्रमा संचालन गरिने कार्यक्रमहरुमा बालविवाह विरुद्धको अभियानमा सहयोग पुग्ने क्रियाकलाप संचालन गर्ने ।

६. बालविवाह सम्बन्धी घटनाको स्थलगत अनुगमन पछि प्रतिवेदन तयार गरी बालअधिकार समिति मार्फत कार्यवाहीका लागि सिफारिस गर्ने ।

७. नगर समन्वय समितिको अगुवाईमा बालविवाह सम्बन्धी नगर स्तरीय रणनैतिक योजना निर्माण गरी लागु गर्ने ।

८. यस निर्देशिकामा लेखिएको कुरामा यसै वमोजिम र अन्यमा प्रचलित कानुन वमोजिम हुनेछ ।

९. वाधा अड्काउ फुकाउने अधिकार यस निर्देशिकाको कार्यान्वयनमा कुनै वाधा अड्काउ परेमा वा व्याख्या गर्ने अधिकार गुलरिया नगरकार्यपालिकालाई हुनेछ ।

१०.**संशोधनः-** यस निर्देशिकामा आवश्यकता अनुसार नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

गुलरिया राजपत्र २०८१